*यो निर्देशिका युके बोर्डर एजेन्सीको आधिकारिक वेबसाइटमा अंग्रेजीमा राखिएको निर्देशिकाको नेपाली अनुवाद हो ।*
*This document is translation of GUIDANCE FOR FORMER GURKHA SETTLEMENT VISA APPLICATIONS*
*For Original version visit*
*http://ukinnepal.fco.gov.uk/resources/en/pdf/pdf1/gurkha-settlement-application*

# पूर्व गोर्खा सैनिकका लागि बेलायतमा आवासीय भिसा आवेदनको लागि निर्देशिका

**१. भिसा आवदेनका लागि मैले कुनै एजेन्टको सहयोग लिनु पर्छ ?**
पर्दैन । तपाईंलाई कुनै एजेन्टको आवश्यकता पर्दैन । तर पनि तपाईंलाई अन्य कुनै सेवाको लागि एजेन्ट चाहियो भने सतर्क भएर मात्र एजेन्ट छनौट गर्नुहोला । एजेन्टले सामान्य शुल्क लिनसक्छ ।

**२. मैले कुन भिसा आवेदन फाराम भर्नु पर्छ ?**
पूर्व गोर्खा सैनिकको रुपमा बेलायतमा आवासका लागि आवेदन गर्दै हुनुहुन्छ भने तपाईंले **VAF 4A** नामको फारम भर्नु पर्छ । यो फारम तपाईंले अंग्रेजीमा भर्नु पर्छ । फारमको Part 8 मा तपाईंको वर्तमान अवस्थासँग नमिल्दा प्रश्नहरु छन् । त्यसमा सोधिएका प्रश्नका जवाफ तपाईंसँग छैनन् भने खालि छोडिदिनुसु । तर तपाईंले फारमका अन्य सबै सेक्सनहरु भर्नु पर्छ ।

**३. मेरा आफन्त अथवा साथीले मलाई फारम भर्न सहयोग गर्न सक्छन् ?**
सक्छन् । तर फारममा हस्ताक्षर भने तपाईं आफैले गर्नु पर्छ र फारममा उल्लेखित सूचनाहरु सत्य हुन् भनेर घोषणा गर्नु पर्छ ।

**४. भिसा आवेदन फाराम कहाँ पाइन्छ ?**

आवासका लागि भिसा आवेदन फारम, VAF 4A र Guidance (निर्देशिका) आधिकारिक वेबसाइट **www.ukvisas.gov.uk/en/howtoapply/vafs** मा निशुल्क उपलब्ध छ ।

काठमाडौंस्थित भिसा एप्लिकेसन सेन्टरमा पनि यो फारम निशुल्क पाइन्छ । भिसा एप्लिकेसन सेन्टरको ठेगानाका लागि तल हेर्नुहोस् ।

**५. भिसा आवेदनको साथमा मैले के प्रमाणहरु पेश गर्नु पर्छ ?**

तपाईंको आवेदनमाथि छिटो निर्णय गर्न सघाउनका लागि **सेवा प्रमाणपत्र (लाल बुक अथवा रेड बुक)** र तपाईंको **किन्ड्रेड रोल** चाहिन्छ ।

यदि तपाईं मूख्य आवेदनकर्ताको डिपेन्डेन्टका रुपमा आवेदन गर्दै हुनुहुन्छ भने तपाईंको स्पोन्सरको पासपोर्ट र भिसाको प्रतिलिपि उपलब्ध गराउनु होला ।

**६. भिसा एप्लिकेसनको लागि कति शुल्क बुझाउनु पर्छ ?**

आवासीय भिसा आवेदनको लागि हालको शुल्क रु ७६,०५० रहेको छ । शुल्क तिर्ने तरिकाबारे प्रश्न नम्बर ९ हेर्नुहोस् ।

**७. भिसा आवेदन मैले कहाँ बुझाउनु पर्छ ?**

काठमाडौंस्थित भिसा एप्लिकेसन सेन्टरमा तपाईं स्वयं उपस्थित भइ आवेदन बुझाउनु पर्छ । आवेदन बुझाउन तपाईंले पहिले नै समय लिनु पर्दैन । त्यहाँ रहेका सुरक्षा कर्मचारीलाई गोर्खा आवासीय आवेदन दिन आएको बताउनुहोस्, उनीहरुले प्रवेशका लागि तपाईंलाई पहिलो प्राथमिकता दिनेछन् ।

**भिसा एप्लिकेसन सेन्टरको ठेगाना :**

युके भिसा एप्लिकेसन सेन्टर
२८४, नागपोखरी सडक
नारायणहिटी दरबारको पूर्वी ढोकाको अगाडि
लाजिम्पाट नजिकै, काठमाडौं
टेलिफोन : ९७७-१-४४१२३११, ९७७-१-४४२८१२३

एप्लिकेसन सेन्टर खुल्ने समय
आइतबार-शुक्रबार : बिहान ८ देखि बेलुका ४ बजेसम्म
शनिबार : विहान ८ देखि दिउँसो १२ बजेसम्म

**८. भिसा एप्लिकेसन सेन्टमा आउँदा मैले के के लिएर आउनु पर्छ ?**

- पूर्ण रुपमा भरिएको भिसा आवेदन फारम
- पासपोर्ट
- भिसा आवेदन शुल्क अथवा बैंक भौचर (शुल्क तिर्ने तरिकाबारे तल हेर्नुहोस्)
- सहयोगी कागजपत्र

**९. भिसा शुल्क कसरी तिर्न सकिन्छ ?**

तपाईंसँग दुई वटा उपायहरु छन्

(i) भिसा आवेदन बुझाउनुअघि स्ट्याण्डर्ड चार्टर्ड बैंकको निम्नलिखित शाखाहरुमा भिसा शुल्क तिर्न सकिन्छ

- नयाँ बानेश्वर, काठमाडौं
- लेकसाइड, पोखरा
- मेन रोड, विराटनगर
- बुद्ध मार्ग, धरान
- सिद्धार्थनगर, भैरहवा
- बैङ्क रोड, हेटौंडा
- मिलन चोक बुटवल
- सुर्खेत रोड, नेपालगञ्ज

बैङ्कहरुको विस्तृत ठेगाना भिएफएसको आधिकारिक वेबसाइट **www.vfs-uk-np.com** मा राखिएको छ । बैङ्कमार्फत भिसा आवेदन शुल्क तिर्दा अतिरिक्त सेवा शुल्क तिर्नु पर्दैन । बैङ्कमा शुल्क जम्मा गरेको भोलिपल्टै तपाईंले भिसा आवेदन दिन सक्नुहुन्छ ।

(ii) तपाईंले भिसा आवेदन बुझाउन जाँदा नै भिसा एप्लिकेसन सेन्टरमा पनि भिसा शुल्क तिर्न सक्नु हुन्छ । यहाँ भिसा शुल्क तिर्दा भने अतिरिक्त सेवा शुल्क रु १५० लाग्नेछ ।

**१०. भिसा एप्लिकेसन सेन्टरमा पुगेपछि मैले के गर्नु पर्छ ?**

सेन्टरमा पुग्ने बित्तिकै कुनै कर्मचारीसँग कुरा गर्नुहोस् । तपाईंलाई सेन्टरभित्र लगिनेछ, जहाँ तपाईंले भिसा आवेदन गर्नु हुनेछ ।
भिसा आवेदनको नियमित प्रक्रिया अनुरुप भिएफएसका कर्मचारीले तपाईंको बायोमेट्रिक्स डाटा (औंलाको छाप र तस्बिर) लिने छन् । यो निकै सजिलो र छिटो हुने काम हो। यसबापत अतिरिक्त शुल्क लाग्दैन ।
भिसाको लागि आवेदन दिन कूल १ घन्टा भन्दा बढि समय लाग्दैन ।

**११. मैले भिसा आवेदन दिइसकेपछि के हुन्छ ?**

तपाईंको आवेदन र अरु कागजपत्रहरु नयाँ दिल्लीस्थित युके बोर्डर एजेन्सीमा पठाइन्छ । आवेदनमाथि निर्णय भएपछि तपाईंका डकुमेन्ट काठमाडौंस्थित एप्लिकेसन सेन्टरबाटै फिर्ता लिन सकिन्छ ।

**१२. मेरो डकुमेन्ट लिन म आफैं जानु पर्छ ?**

तपाईं आफैं पनि जान सक्नु हुन्छ अथवा कोही विश्वासिलो व्यक्तिलाई पठाउन पनि सक्नुहुन्छ । यदि अरु कसैलाई पठाउँदै हुनुहुन्छ भने तपाईंले हस्ताक्षर सहितको मञ्जुरीनामा पत्र दिएर पठाउनु पर्छ । ती व्यक्तिले फोटो सहितको आफ्नो परिचयपत्र पनि बोकेर जानु पर्छ ।